## जिल्ला विकास समिति वझाङ्गको आ.ब.२०६९/०७० को सार्वजनिक सुनुवाईको

# प्रतिवेदन

मिति २०७०/०४/०३ गते

## जिल्ला विकास समितिको कार्यालय

चैनपुर, बझाङ

# जिल्ला बिकास समिति बझाङको आ.ब २०६९/७० को

# सार्वजनिक सुनुवाइको

# प्रदिबेदन

## पृष्ठभुमि :

स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्य बिधि २०६७ ले निर्देशित गरे अनुसार सरकारी, गैर सरकारी, ठेक्कापट्टा र उपभोक्ता तथा बिभिन्न क्षेत्रमा भएका काम कार्वाही र योजनाहरुलाई सरोकारवाला निकाय र नागरिकहरुका बीचमा दोहारो संवाद स्थापित गर्न र त्यस्तो संवादबाट जनतालाई देश बिकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पार्दशिताको माध्यमद्धांरा स्थानीय निकायको बिकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्बेवारीको संस्कार बसाउन, सार्वजनिक सुनुवाइ गर्न आवश्यक ठानी जिल्ला बिकास समिति बझाङबाट गत आ.व २०६९/७० मा बिनियोजित योजनाहरुको कार्यलाई सबै समुदाय माझ स्पष्ट पार्न र आएका गुनासाहरु संकलन गरी आगामी दिनमा सुधार्नु पर्ने कुराहरुलाई अझ ब्यवस्थि गर्दै लैजान जिल्ला बिकास समितिको प्रांगढमा २०७० साउन ३ गते सार्वजनिक सुनुवाई सम्पन्न भएको छ ।

## उद्देश्य :

स्थानीय निकाय बाट संचालित बिकास कार्यक्रम उपलब्ध सेवा बस्तु र सुबिधा सार्वजनिक गरी त्यस्ता बिषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकहरुले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट रचनात्मक सुझाबलाई ग्रहण गर्न जिम्बेवार सस्कार बसाउन गरिने सर्वजनिक सुनुवाई प्रक्रियालाई मार्ग दर्शन गर्नु यस सार्वजनिक सुनुवाईको मुल उद्देश्य रहेको छ ।

## सार्वजनिक सुनुवाइ कार्यक्रम संचालनका क्रियाकलापहरु

क) अध्यक्षता ग्रहण स्थानीय बिकास अधिकारी युवराज कट्टेल का साथै जिम्बेवार कार्यालयका प्रमुखहरु, राजनितिक दल, उपभोक्ता समितिका पदाधिकारी, पत्रकार, उपस्थित आम जनसमुदालाई आसन ग्रहण

ख) कार्यक्रको उद्देश्य माथि प्रकास पार्ने र सार्वजनिक सेवा प्रवाह बारे जानकारी दिने योजना अधिकृत यमनारायण गौली

ग) कार्यक्रमको आचारसंहिता बारे जानकारी गराउने कार्यक्रमका सहजकर्ता एवं नेपाल पत्रकार महासघं बझाङ शाखाका अध्यक्ष जगत खड्का

घ) सहभागीहरुबाट तोकिएको बिषयमा लिखित एवं मौखिक प्रश्नहरु संकलन गर्ने कार्य पत्रकार रामचन्द्र रोकाया र जनक खड्का

ङ) स्थानीय निकायका जिम्बेवार पदाधिकारीहरुले प्रश्न वा जिज्ञासाहरुको स्पष्ट जवाफ दिन सम्बन्धित कार्यालय वा संघ सस्थाका सम्बन्धित व्यक्तिहरु बाटै भएको थियो ।

च) स्पष्टतापछि थप जिज्ञासाहरुको आव्हान गरी थप जिज्ञासाको जवाफ सम्बन्धित कार्यालय वा संघ सस्थाका प्रमुखहरुबाट दिदै भइ रहेका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार्ने प्रतिबद्धता गरेको छ ।

छ) कार्यक्रमको समापनको लागि फोलोर हस्तानतरण गरियो

ज ) सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका कुराहरुको निमेटान भएको कुरालाई साराशंमा पुर्नताजकि गरी अरु निकायले पनि सार्वजनिक सुनुवाइ गर्नु पर्ने आभास गरी कार्यक्रमको समापनको लागि अध्यक्षलाई अनुरोध गरियो ।

झ) धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन सार्वजनिक सुनुवाइका अध्यक्ष युवराज कट्टेलबाट समापन गरियो ।

ञ) कार्यक्रको सहजिकरण जगत खडका र जनक खड्काले गरेका थिए ।

**सार्वजनिक सुनुवाइ कार्यक्रम संचालनका आचारसंहिता**

१ सहभागीहरुले प्रश्न वा जिज्ञासा राख्नका लागि  हात उठाउनु पर्नेछ ।

२ सहभागीहरुले प्रश्न वा सुझाब के राख्ने पहिले नै स्पष्ट गर्नुपर्नेछ ।

३ सहजकर्ताले प्रश्न वा जिज्ञासा राख्नका लागि  संकेत गरेपछि मात्र नाम सहित प्रश्न राख्नु पर्नेछ ।

४ सेवाग्राहीहरु वा सहभागीहरु धेरैलाई प्रश्न गर्ने समय दिनु पर्ने भएकाले बुदागत रुपमा छोटकरीमा प्रश्न वा जिज्ञासा राख्नु पर्नेछ ।

५ सहजकर्ताले प्रश्न वा जिज्ञासा राख्ने समय सकेको संकेत गरेपछि तत्काल प्रश्न सोध्ने कार्य रोक्नु पर्नेछ ।

६ आफु भन्दा पहिलेका प्रश्नकर्ताले राखेका प्रश्न नदोहोऱ्याइ राख्नु पर्नेछ ।

७ चित्त नबुझेमा सहजकर्ताबाट थप समयको अनुमति लिएर प्रश्न राख्नु पर्नेछ ।

८  प्रश्नहरु राख्दा कसैलाई लाञ्छना बा पूवाग्रही र असलिल शब्दहरु प्रयोग गर्न पाइने छैन

९ कसैबाठ सुनुवाईलाई बिथोल्ने प्रयास गरेमा सबै सहभागि मिलेर सालिन्तापूर्वक समाधान गर्न पहल गर्नु पर्नेछ । र बिसान्तर हुनबाट सबै सहभागी सचेत हुनुपर्नेछ ।

माथिका आचारसंहिता प्राय जसो पालन भएका थिए ।

**जिल्ला बिकास समिति बझाङको आर्थिक वर्ष ०६९/०७० मा संचालन गरिएका योजनाहरुको सार्वजनिक सुनुवाइमा उठेका प्रश्न, जिज्ञासा र गुनासाहरु**

१ बझाङ चैनपुरको बिद्युत  नाजुक अवस्थामा रहेको छ । तर जिल्ला बिकास समिति बझाङले ०७० भित्र अँध्यारो जिल्ला घोषण गर्ने नारा तय गरेको हुदा के यो लक्ष्यलाई पुरा गर्न सकिएला ? हिरा बिश्वकर्मा

२ जिल्लामा निर्माण गरिने पूर्वाधारहरु अपांग मैत्री किन बनाइदैन् ? जगत नाथ

३ अपांग सशक्तिकरण कार्याक्रम र राज्यले अपांगहरुलाई उपलब्ध गराउने सेवा सुबिधाहरु सदरमुकाममा मात्र केन्द्रित किन गरिएको

४ पूर्वाधार निर्माणमा ५% कन्ट्रीजेन्सी के का लागि लिने गरेको हो । आलेप र मलेपका नाममा किन रकम छुट्याइन्छ ? चन्द्रबहादुर सिहं

५ सदरमुकाम चैनपुर मै हुने गरेका झै झगडाहरुलाई प्रहरी किन नियन्त्रण गर्न सक्दैन ? मदिरा सेवन गरी नियन्त्रणमा परेकाहरुबाट लिइएको जरिवाना बाफतको रकम केमा खर्च गर्ने गरेको छ ? बीरेन्द्र बहादुर खड्का

६ बझाङमा बस भाडा दरमा एकरुपता किन गर्न नसकेको ?

७ छान्ना जडार थाम र मोरीबगर पाथिभेरे सडक निर्माण कार्य सम्पन्न नहुदै किन रकम निकासा गरेको ? खानेपानी मर्मतमा राजनितिक भागबण्डा गरेको सुनिन्छ नि के यो साचो हो ? जिल्ला कृषि बिकास कार्यालयले साना सिचाइ निर्माणको सामग्री खरिदमा ब्यापारीसंगको मिलेमोतोमा कमिसन लिएको उपभोक्ताहरुले आरोप लगाएका छन नि ? रमेश केसी

८ यो सार्वजनिक सुनुवाइ कसका लागि गरिएको हो ? सेवाग्राही र सेवाप्रदायका बिच हो । तर यहा  सेवाप्रदायकहरु मात्र रहेको यो सार्वजनिक सुनुवाइको औचित्य छैन  । राजेन्द्र खड्का

९ स्थानीय बिकास अधिकारी र जीआइजेट बिचको सम्बन्ध बिग्रनुले स्थानीय बिकास अधिकारीको गिद्ध दृष्टिले त होइन ?

१० जिल्ला बिकास समितिले गरेको जिल्ला स्थित राजनैतिक दल गैसस र पत्रकारहरु बाट गराएको अनुगनम नै भर पर्दो हुन सकेन

११ गरीबी निवारण कोषले वर्षौं देखि लाखौं पैसा खर्चेको छ । तर गरीव जनातको जीवनको स्तर किन सुधार नआएको होला ? हिरा बिश्वकर्मा

१२ जिल्ला शिक्षा कार्यालयले बितरण गरेको बिद्यालय भवनहरुमा आर्थिक अनियमितता हुने गरेको छ । यसको छुटै अनुगमन संयन्त्र मार्फत अनुगमन गरिनु पर्छ ।  हिरेन्द्र नेपाली

१३  चैनपुरस्थित प्रहरी बिट र जिल्ला प्रहरी कार्यालयमा जम्ममा कति प्रहरीको दरबन्दी रहेको छ ? चैनपुर मै चोरी ठकती भइरहेको छ प्रहरीले के गर्छ ?

१४ यहाँका राजनितिक दलहरुको योजना छनोटमा कुनै न कुनै रुपमा संलग्नता रहेको हुन्छ । तर योजनाको समपन्तामा दलहरु जिम्बेवारीबाट पन्छिन खोजेको जस्तो देखिन्छ किन यस्तो हुने गरेको छ ?

**सार्वजनिक सुनुवाइमा उठेका प्रश्नहरुको जवाफहरु**

अनुसूची ४

बुदा न. ७६ संग सम्बन्धित

**सार्वजनिक सुनुवाई सम्बन्धि प्रबेदनको ढाँचा**

**सहजिकरण :** सार्वजनिक सुनुवाइ सहजिकरण गर्ने ब्यक्तीको नाम, थर र ठेगान  जगत खड्का अध्यक्ष (नेपाल पत्रकार महासघं जिल्ला बझाङ) , जनक खड्का पत्रकार र रामचन्द रोकाया पत्रकार

- सुनुवाइ गरको बिषय बस्तु : आ. व २०६९/७० जिल्ला बिकास समिति अर्न्तगतका कार्यालय र गैर सरकारी संघ सस्थाहरुका सम्पूर्ण सम्पन्न योजनाको छलफल
- कार्यक्रम आयोजना स्थल : जिल्ला बिकास समितिको प्रांगण
- कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा /मिनेटमा) : ३ घण्टा
- कार्यक्रम आयोजना गरिएको मिति र समय : २०७० साउन ३ गते दिउसो १ बजे देखि ४ बजेसम्म

**उठेका प्रश्न, जिज्ञासा र उतर :**

| **प्रश्न,जिज्ञासा वा सुझाव कर्ताको नाम थर र ठेगान** | **सहभागीको प्रश्न, गुनासो र सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना** | **जवाफको छोटकरी ब्यहोरा** |
|---|---|---|---|
| हिरा बिश्वकर्मा ( बिकास अधिकारकर्मी) | बझाङ चैनपुरको बिद्युत नाजुक अवस्थामा रहेको छ । तर जिल्ला बिकास समिति बझाङले ०७० भित्र अँध्यारो जिल्ला घोषण गर्ने नारा तय गरेको हुदा के यो लक्ष्यलाई पुरा गर्न सकिएला ? | स्थानीय बिकास अधिकारी युवराज कट्टेल | नेपाल बिद्युत प्राबिधिकरणले बझाङमा सेवा बिस्तार नगरेको अवस्था र यहाँ स्थित साना बिद्युत अर्न्तगतको सुर्मा बिद्युत प्रा.लि.को कुल २०० किलोवाट उत्पादनको क्षमताको हाल एउटा मेसिन बिग्रर १४० किलोवाट मात्र उत्पादन हुने गरेको छ । यसको क्षमता बृद्धिको लागि जिबिसले पटक पटक सम्बन्धित |

| | | | |
|---|---|---|---|
| | | | निकायहरुसंग छलफल गरी रहेको छ । तर छलफलका बाबजुद पनि यहाको बिद्युतको अवस्था राम्रो हुन सकेको छैन । यो प्रश्न आफैमा पेचिलो छ किन की गाउँहरु झलमल्ल सदरमुकाम अँध्यारो हुदा जिल्लाका ग्रामिण भेगहरुले उत्पादन गरेको बिद्युत हाउसहरुको संचित बिद्युतलाई मर्जिङ्गी गरेर ल्याउनको लागि अध्ययन भइ रहेको छ । |
| जगन्नाथ सिंह ( अपांग प्रतिनिधि) | जिल्लामा निर्माण गरिने पूर्वाधारहरु अपांग मैत्री किन बनाइदैन् ? अपांग सशक्तिकरण कार्याक्रम र राज्यले अपांगहरुलाई उपलब्ध गराउने सेवा सुबिधाहरु सदरमुकाममा मात्र केन्द्रित किन गरिएको ? | स्थानीय बिकास अधिकारी युवराज कट्टेल, सप्रोस संयोजक चन्द्र सिह, जिल्ला शिक्षा अधिकारी जगन्नाथा उपाध्याय | जिल्ला बिकास समितिको स्रोत परिचलन निर्देशिका अनुसार अपांग महिला जनजाति अर्थात लक्षित बर्गको १०/१० र १५ प्रतिशत सरोकारवाला निकाय र ब्यक्तीहरको समन्वयमा बजेट बिनियोजन गर्ने गरेको छ । हो क्षेत्र न. १ र २ का अपांगहरुलाई पक्षपात भएको भन्नेमा केही हतसम्म म सहमत छु किनकी तालिम सदरमुकाम केन्द्रित हुने गरेका छन । अपांग मैत्री बनाएको छैन । |
| चन्द्रबहादुर सिंह ( सप्रोस नेपाल ) | पूर्वाधार निर्माणमा ५% कन्ट्रीजेन्सी के का लागि लिने गरेको हो । आलेप र मलेपमो नाममा किन रकम छुट्याइन्छ ? | जिल्ला इन्जिनियर नरेन्द्र खड्का र डि.इ बिनोद थकाली | कन्ट्रीजेन्सीको प्रतिशत काट्ने भनेको योजनामा खटि गएका कर्मचारीहरुको दैनिक भत्ता दिनको लागि लिने गरिन्छ । |
| कर बहादुर रावल | मौलाली वडा न.१ को सिचाइ कुलो बनेको छ की छैन ? | जिल्ला इन्जिनियर नरेन्द्र खड्का/साइड इ. लालबहादुर थापा | सिचाइ कुलोको ७० प्रतिशत काम सम्पन्न भएको छ । बाकी ३० प्रतिशत कामको लागि साउन १० भित्र सम्पन्न गर्ने उपभोक्ताहरुले कागजी प्रचिबद्धता गरेकाले भुक्तनी दिएको हो । |
| बीरेन्द्र बहादुर | सदरमुकाम चैनपुर मै हुने | सहायक | घटना कहिलेको हो डिएसपि साबसंग |

| | | | |
|---|---|---|---|
| खड्का गैसस प्रतिनिधि | गरेका भैं भ्फगडाहरुलाई प्रहरी किन नियन्त्रण गर्न सक्दैन ? मदिरा सेवन गरी नियन्त्रणमा परेकाहरुबाट लिइएको जविाना बाफतको रकम केमा खर्च गर्ने गरेको छ ?<br>बभ्फाङमा बस भाडा दरमा एकरुपता किन गर्न नसकेको ? | प्रमुख जिल्ला अधिकारी राम प्रसाद शर्मा | बुभ्फ्छु । मदिरा बैद्यानिक रुपमा प्रतिबन्ध गर्न सकिदैन । मदिरा सेवन बाफतको जरिवानन ४० % राजश्व, बाकी प्रहरी र उ.वा संघलाई वितरण गर्ने गरेकोछ । |
| बसन्त प्रताप सिंह ( पत्रकार) | चैनपुरस्थित प्रहरी बिट र जिल्ला प्रहरी कार्यालयमा जम्मा कति प्रहरीको दरबन्दी रहेको छ ? चैनपुर मै चोरी ठकैती भइरहेको छ प्रहरीले के गर्छ ? यहाका राजनितिक दलहरुको योजना छनोटमा कुनै न कुनै रुपमा संलग्नता रहेको हुन्छ । तर योजनाको सम्पन्नतामा दलहरु जिम्बेवारीबाट पन्छिन खोजेको जस्तो देखिन्छ किन यस्तो हुने गरेको छ । | सहायक प्रमुख जिल्ला अधिकारी रामप्रसाद शर्मा<br>र जिल्ला स्थित राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु | मलाई एकिन थाहा भएन DSPसंग सल्लाह गर्ने छु । आगामी दिनमा सुधार्ने प्रतिबद्धता ब्यक्त गर्छु ।<br><br>जिम्बेवारीबाट पन्छेको होइन जिम्मेवारी नपाएकोमा पो दुख छ । |
| रमेश केसी ( पत्रकार ) | DRILPको सडकको समाचार छापियो तर छान्ना जडार थाम र मोरीबगर पाथिभेरे सडक निर्माण कार्य सम्पन्न नहुदै किन रकम निकासा गरेको ? खानेपानी मर्मतमा राजनितिक भागबण्डा | आयोजना ई. गोरखराज जोशी , DTO नरेन्द्र खड्का , साइट इन्चार्ज नृपराज जोशी र जिल्ला कृषि बिकास | मोरी चौधारी र छान्ना सडकको इस्टेमेट अनुसारको काम सम्पन्न भइ सकेको छ । खानेपानी मर्मत लोखाडा , हेमन्तवाडा र धामीलेकमा बितरण गरिएको हो काम सम्पन्न भइ सकेको छ । यदि कमी कमजोरी भएको छ भने म संग ल्यानुहोस आवश्यक कावाही गर्ने छु ।<br>स्टेमेट अनुसारको काम भए अनुसारको |

| | | | |
|---|---|---|---|
| | गरेको सुनिन्छ नि के यो साचो हो ? जिल्ला कृषि बिकास कार्यालयले साना सिचाइ निर्माणको सामग्री खरिदमा ब्यापारीसंगको मिलेमोतोमा कमिसन लिएको उपभोक्ताहरुले आरोप लगाएका छन नि ? | अधिकृत रमेशचन्द्र भट्ट, DE बिनोद थकाली | भुक्तानी दिएको छ , केही पाटमा बाकी रहेको कामको रकम भुक्तानी रोकेको छ । ठेक्दार असोजमा काम सम्पन्न गर्ने भनेको छ ।<br>साना सिचाइ अर्न्तगत ११ वटा योजनामा २ हजार लिटरको प्लाष्टिक टंकी र पाइप कृषकहरुलाई बितरण गरिएको छ । |
| राजेन्द्र खड्का समाज सेवी | यो सार्वजनिक सुनुवाइ कसका लागि गरिएको हो ? सेवाग्राही र सेवाप्रदायका बिच हो ? तर यहा सेवाप्रदायकहरु मात्र रहेको यो सार्वजनिक सुनुवाइको औचित्य छैन । स्थानीय बिकास अधिकारी र जीआइजेट बिचको सम्बन्ध बिग्रनु स्थानीय बिकास अधिकारीको गिद्धे दृष्टिले होइन ? | स्थानीय बिकास अधिकारी युवराज कट्टेल, GIZ खगेन्द्र राइ | अनुगमन नियमित प्रक्रिया हो । योगनाको गुणस्तर कायम गर्नका लागि अनुगमन गरिन्छ । योजनाको ५% कन्टिजेन्र्सा बाट अनुगमन टोलीलाई खर्च दिने हो । LDO र हाम्रो सम्बन्ध बिग्रेको साचो हो । तर अहिले राम्रो छ । |
| धर्मजङ्ग सिहं नागरिक समाज अगुवा | जिल्ला परिषदको निर्णय अनुसार एनजिओ र आइएनजिओहरुले योजना छनोट गर्दा गाबिस परिषदबाट आउने पर्ने हो कि होइन ? | स्थानीय बिकास अधिकारी युवराजकट्टेल, GIZ प्रतिनिध खगेन्द्र राइ | GIZ जिबिसको छाता भित्रै बाट संचालित छ INGO / NGOले पनि गाबिस इलाका र जिबिस परिषद बाटै योजना छनोट गर्नुपर्छ र गरेका पनि छन । |
| हिरेन्द्र नेपाली राप्रपा नेपाल प्रतिनिधि | जिल्ला शिक्षा कार्यालयले बितरण गरेको बिद्यालय भवनहरुमा आर्थिक अनियमितता हुने गरेको छ । यसको छुटै अनुगमन संयन्त्र मार्फत अनुगमन गरिनु पर्छ । | शिक्षा अधिकारी जगन्नाथा उपाध्याय | बजेट ढिलो गरी निकासा भएको भवन निर्माणको काम सम्पन्न हुन नसकेकाले सम्बन्धित बिदालयको खाताान रकम हाली रोक्का गरिएको छ । अनुगमनको छुटै टिमले अनुगमन गर्ने भए हामी तयार छौ । |

| | | | |
|---|---|---|---|
| आशा बिक ( दलित महिला अधिकारकर्मी) | महिलालाई सहभागी कम गराई अहिले पनि बोल्न खोज्दा माएक खोसियो बिकासको अवरोध भनेको जातिय तथा लैंगिक बिभेद हो । लक्षित बर्ग अर्न्तगतको कार्यक्रम कति भयो ? | स्थानीय विकास अधिकारी युवराज कटेल | लक्षित बर्गको १०% र १५%का दरले बितरण गरिएको छ । Safe hous, झोतामा महिला लगायतका योजना बितरण गरिएको छ । |
| हिरा बिश्वकर्मा | गरीबी निवारण कोषले वर्षौं देखि लाखौं पैसा खर्चेको छ । तर गरीव जनातको जीवनको स्तर किन सुधार नआएको होला ? | साविके संयोजक बसन्त प्रताप सिह, स्थानीय बिकास अधिकारी युवराज कट्टेल | समुदायको सक्रिय सभागिता नहुदा आसातित प्रतिफल हुन नसकेको हो । गरीबी निवारण कोषको कार्यक्रमको सबै कार्यक्रम असफल नै भएका छन भन्न सकिदैन । तर केहीमा कमजोरी रहेको मलाई पनि आभास भएको छ । |

**उपलब्धिहरु**

१ सेवाग्राहीहरुले योजनाको बाँडफाडको स्रोत र काम भए नभएको बुझ्ने मौका पाएको ।
२ जिबिस बाट बितरण गरेका योजनाहरुको ब्यापक छलफल भएको ।
३ कार्यक्रममा सहभागीहरुबाट सभ्य र शिष्ट भाषामा प्रश्न र सुझाब राखेको ।
४ सम्बन्धि निकायहरुबाट कमी कमजोरी हुने गरेको महसुष भएको र आगामी दिनमा सुधार्ने प्रतिबद्धता गरेको ।
५ जिल्लामा हुने मानव अधिकार हनन् र आर्थिक अनियमिततालाई नियन्त्रण गर्ने सहायक प्रमुख जिल्ला अधिकारीबाट प्रतिबद्धता ब्यक्त भएको ।

**चुनौतीहरु**

क) सहभागीले गुनासो वा प्रश्न के राख्न खोजेको  स्पष्ट नहुने ।
ख) बिषयबस्तु भन्दा बिहिरका कुराहरु बिकास संग जोडिएर आउनु ।
ग) बिजय र प्राजयको भावना हुदा प्रति प्रश्नहरु धेरै आउने गरेको ।
घ) कार्यक्रममा अपेक्षा गरे अनुसारको सेवाग्राहीहरुको उपस्थितिमा कमी हुनु ।

**निष्कर्ष**

समुदायको बिकासका लागि हरेक नागरिकको सकारात्मक सोचको बिकास हुन जरुरी छ । बिकास निर्माणमा राज्य, सरकार र नागरिकको उतिकै भुमिका र सहयाोग हुनपर्ने हुन्छ । त्यसका लागि सरकार र नागरिक बीचको सम्बन्ध , समन्वय र सहकार्य पनि आवश्यक हुन्छ । सरकारले नागरिकको जीवनस्तर उकास्नका लागि बितरण गरेका योजनाहरुको गुणस्तर कायम राख्न सार्वजनिक सुनुवाइको पनि महत्वपूर्ण भुमिका रहेने गर्दछ । त्यसै अनुरुप नेपाल सरकारले सार्वजनिक सुनुवाइ कार्यबिधि २०६७ जारी गरिएको छ । सार्वजनिक सुनुवाइले सम्बन्धीत निकायको उत्तरदायित्व , सरोकारवाला निकाय र उपभोक्ताहरुको जिम्बेवारीलाई समेत बोध गराइको छ ।

**प्रतिवेदक**

| | | |
|---|---|---|
| रामचन्द्र रोकाया | जनक खड्का | जगत खड्का |
| पत्रकार | पत्रकार | पत्रकार, अध्यक्ष |
| स्थानीय पत्रिका | राजधानी दैनिक | पत्रकार महासंघ जिल्ला शाखा |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |